# भेदभाव कानून (विविध संशोधन) अध्यादेश 2020

## यो अध्यादेश के को बारेमा हो ?

यो अध्यादेशले विद्यमान चारवटा भेदभाव विरोधी अध्यादेशहरू, लैंगिक भेदभाव अध्यादेश ((एसडिओ (SDO)), अपांगता भेदभाव अध्यादेश ((डिडिओ (DDO)), पारिवारिक स्थिति भेदभाव अध्यादेश ((एफयसडिओ (FSDO)), र जाति भेदभाव अध्यादेश ((आरडिओ (RDO)) अन्तर्गतका भेदभाव र दूर्व्यवहारको संरक्षणलाई सुदृढ गराउनका लागि संशोधन गऱ्यो ।

## यो अध्यादेश कहिलेबाट लागू भयो ?

यो अध्यादेश राजपत्रमा प्रकाशित गरिएको मिति 19 जुन 2020 देखि स्तनपान सम्बन्धी प्रावधानहरूको छुट बाहेक यसका सबै प्रावधानहरू कार्यान्वयनमा आयो । स्तनपान सम्बन्धी-प्रावधानहरू 12 महिना पछि अर्थात 19 जुन 2021 देखि लागू हुन्छन् ।

## यस अध्यादेश अन्तर्गत भएका संशोधनहरू के के हुन् ?

यी संशोधनहरूले लैंगिक, अपांगता तथा जातीय भेदभावका साथसाथै लैंगिक दूर्व्यवहार, तथा अपांगता तथा जातिका आधारमा हुने निम्नानुसारका विभिन्न क्षेत्रमा संरक्षण प्रदान गर्दछन् ।

एसडिओ (**SDO**) अन्तर्गत स्तनपान गराउने महिलाहरूलाई रोजगारका क्षेत्रहरू; वस्तु, सुविधा र सेवाका प्रावधानहरू; शिक्षा; परिसरको व्यवस्थापन र विक्री; क्लब; तथा सरकारको कार्य (फंगसन) मा प्रत्यक्ष तथा अप्रत्यक्ष भेदभावका साथै गालीगलौजबाट संरक्षण गर्ने ।

स्तनपान भेदभावका प्रावधानहरूले निम्न परिस्थितिहरूलाई समेट्दछ :

- बच्चालाई स्तनपान गराउने कार्यमा संलग्न भएकी कुनै महिला;
- (आफ्नो) स्तनबाट दुध निकाल्ने कार्यमा संलग्न भएकी कुनै महिला; तथा
- बच्चालाई आफ्नो दुध पिलाउने, तर भनिएको भेदभावको कार्य भएको बेलामा बच्चालाई स्तनपान नगराइरहेकी कुनै महिला ।

रोजगारीको सम्बन्ध नहुने साझा कार्यस्थलका सहभागीहरू, जस्तो कि कन्साइन्मेन्ट वर्कर, स्वयंसेवक र ईन्टर्नहरूलाई एसडिओ (SDO), डिडिओ (DDO) तथा आरडिओ (RDO) अन्तर्गत लैंगिक, अपांगता तथा जातीय दूर्व्यवहारबाट संरक्षण गर्ने ।

**स्वयंसेवक** – रोजगारदाता वा कर्मचारीको क्षमता बाहेक स्वयंसेवको कार्य गर्ने कुनै व्यक्ति ।

**इन्टर्न** – कुनै अर्को व्यक्तिले इन्टर्नशिपमा राखेको कुनै व्यक्ति जो उक्त (अर्को) व्यक्तिको कर्मचारीको होइन ।

कुनै **"इन्टर्नशिप"** लाई कामको कुनै अवधि जसलाई कुनै विज्ञ वा शैक्षिक योग्यता पुरा गर्न आवश्यक अवधिको रूपमा परिभाषित गरिएको छ तथा यसमा कुनै प्यूपुलेज; वा प्रायः इन्टर्नशिपको रूपमा परिभाषित गरिएको कुनै अरू कामको अवधि पर्दछ ।

डिडिओ (DDO) तथा आरडिओ (RDO) अन्तर्गत सेवाप्रदायकलाई सेवाग्राहीले गर्ने अपांगता तथा जातीय दूर्व्यवहारबाट संरक्षण गर्ने, त्यस्तो कार्य हंगकंगमा दर्ता गरिएका हवाइजहाज र पानीजहाजमा हंगकंगभन्दा बाहिर घटेको भएता पनि । (नोटः यो पहिलेको संरक्षणमा थप गरिएको संरक्षण हो । एसडिओ (SDO), डिडिओ (DDO) र आरडिओ (RDO) अन्तर्गत वस्तु, सुविधा र सेवाका सेवाप्रदाताले सेवाग्राही माथि गर्ने लैंगिक, अपांगता तथा जातीय दूर्व्यवहारबाट सदैब संरक्षण थियो । सन् 2014 मा एसडिओ (SDO) लाई बस्तु, सुविधा र सेवाका सेवाप्रदायकहरूलाई सेवाग्राहीले गर्ने लैंगिक दूर्व्यवहारबाट, चाहे त्यो कार्य हंगकंगमा दर्ता गरिएका हवाइजहाज र पानीजहाजमा हंगकंग बाहिर भएको भएता पनि, संरक्षण प्रदान गर्न थप संशोधन गरिएको थियो ।

आरडिओ (RDO) अन्तर्गत आमनागरिकलाई अनुमान (आशंका)को आधारमा जाति अर्थात कसैलाई कुनै जातिको भएको वा कुनै जातीय समूहको सदस्य भएको अनुमानको भरमा गरिने प्रत्यक्ष तथा अप्रत्यक्ष जातीय भेदभाव तथा जातीय दूर्व्यवहारबाट संरक्षण गर्ने ।

कुनै पनि व्यक्तिलाई प्रत्यक्ष जातीय भेदभाव वा जातीय दूर्व्यवहारबाट संरक्षण गर्ने, जहाँ उक्त व्यक्तिलाई उसको सम्वद्ध व्यक्ति (एशोसिएट) को आधारमा कम अनूकूलपूर्ण व्यवहार गरिएको हुन्छ ।

**सम्बद्ध व्यक्ति/साझेदार (एशोसिएट)** – कुनै व्यक्तिको पति वा पत्नी; उक्त व्यक्तिसंग कुनै वास्तविक घरेलु आधारमा बस्ने अर्को व्यक्ति; कुनै व्यक्तिको नातेदार; कुनै व्यक्तिको केयरर (रेखदेख गर्ने व्यक्ति); वा कुनै व्यक्तिसँग व्यापारिक, खेलकूद वा मनोरञ्जनात्मक सम्बन्ध भएको अर्को कुनै व्यक्ति ।

**केयरर (रेखदेख गर्ने व्यक्ति)** – सोसल वेल्फरका डाइरेक्टर (सामाजिक कल्याण विभागका निर्देशक), सोसल वेल्फर डिपार्टमेन्टका कुनै आधिकारिक अधिकारी; तथा आरडिओको अनुसूचि 6 मा उल्लेख गरिएको कुनै व्यक्ति ।

एसडिओ (SDO) तथा आरडिओ (**RDO**) अन्तर्गत क्लव वा क्लवको व्यवस्थापनद्वारा क्लवका सदस्य वा सम्भावित सदस्यहरूलाई माथि गर्ने लैंगिक तथा अपांगता दूर्व्यवहारबाट संरक्षण गर्ने ।

एसडिओ (SDO), एफएसडिओ (FSDO) तथा आरडिओ (RDO) अन्तर्गत अदालतमा हालेको मुद्दामा अप्रत्यक्ष भेदभावको सवालमा क्षतिपूर्ति प्रदान गर्नाका लागि भेदभाव गर्ने मनशाय हुनैपर्ने पूर्व शर्तको आवश्यकतालाई खारेज गर्ने ।

---

## मैले अध्यादेश अन्तर्गत भएका संसोधनहरूको बारेमा अधिक जानकारी कसरी थाहा पाउन सक्छु ?

अध्यादेशको पूर्ण विवरण (पाठ) निम्न लिंकमा पाउन सकिन्छः

https://www.gld.gov.hk/egazette/pdf/20202425/es1202024258.pdf

समान अवसर आयोग (इओसी) ले पनि संशोधनहरू सम्बन्धी मार्गदर्शनको श्रृंखला प्रकाशन गरेको छ, जुन इओसीको वेबसाईट www.eoc.org.hk मा उपलब्ध छ ।

---

## समान अवसर आयोगमा मैले कसरी उजुरी दायर गर्न सक्छु ?

चारवटा भेदभाव विरोधी अध्यादेशहरू अन्तर्गत आफू माथि भेदभाव, दूर्व्यवहार वा गालीगलौज भएको अनुभूति गर्ने जो कोहिले इओसीमा लिखितमा उजुरी दायर गर्न सक्नेछन् तथा इओसीमा उजुरी निम्न मध्यका कुनै एक माध्यमबाट बुझाउनु पर्ने हुन्छः

- हुलाक मार्फत पत्र
- इओसीको वेवसाइटमा उपलब्ध अनलाइन फाराम मार्फत
- फ्याक्स्
- इओसीको कार्यालयमा स्वयं गएर
- टेलिफोन (सोधपूछका लागि मात्र)
- एसएमएस सेवा (सुन्ने वा बोल्ने कठिनाइ भएका व्यक्तिहरूले सोधपूछ गर्नको लागि मात्र)

भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित सोधपुछ : अनलाइन सोधपुछ फाराम
भेदभाव विरोधी अध्यादेशहरूसँग सम्बन्धित उजुरीः अनलाइन उजुरी फाराम
इओसीका सेवाहरूसँग सम्बन्धित सोधपुछ र उजुरीः अनलाइन फाराम

---

## इओसीको सम्पर्क ठेगाना

टेलिफोनः (852) 2511 8211 (सामान्य सोधपुछका लागि मात्र)

फ्याक्स्: (852) 2511 8142

ठेगानाः 16/F, 41 Heung Yip Road, Wong Chuk Hang, Hong Kong.

इमेलः eoc@eoc.org.hk (सामान्य सोधपुछका लागि मात्र)

एसएमएस सेवाः 6972566616538 (सुन्ने कठिनाइ/बोल्ने समस्या भएका व्यक्तिहरूले सोधपुछ गर्नको लागि मात्र)

(भेदभाव विरोधी अध्यादेशहरू अन्तर्गतका भेदभाव सम्बन्धी सोधपूछ र उजुरीका लागि, कृपया माथि उल्लेख गरिएका अनलाइन फारामहरू प्रयोग गर्नुहोस्)

**समान अवसर आयोग**

**जुलाई 2020**

नोटः यो पर्चा (लिफलेट) सन्दर्भको लागि मात्र हो तथा यसलाई कानूनी सल्लाहको विकल्पको रूपमा लिइनु हुँदैन ।